# कृषि पर्यटन प्रवर्धन कार्यक्रम कार्यविधि २०७५

प्रदेश सरकार
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## कृषि पर्यटन प्रवर्धन कार्यक्रम कार्यविधि २०७५

**प्रस्तावना :** मुलुकको अर्थतन्त्र तथा रोजगारीमा महत्वपूर्ण भूमिका रहेको नेपालको कृषिक्षेत्र मुलतः निर्वाहामुखी रहेको छ । कृषिको आधुनिकीकरण र व्यवसायिकरण हुन नसक्दा कृषकको आम्दानी अपेक्षाकृत रुपमा बृद्धि हुन सकेको छैन । प्राकृतिक सुन्दरता , भौगोलिक, सामाजिक तथा सांस्कृतिक विविधताको धनी देश भएका कारण विश्वभरबाट नेपाल घुम्न आउने पर्यटकको संख्या दिन प्रतिदिन बृद्धि हुँदै गइरहेको छ । आन्तरिक पर्यटकको रुपमा देशका बिभिन्न भू-भागमा घुम्न जाने स्वदेशीहरुको संख्या पनि उलेख्य मात्रामा बढेको छ । प्रकृतिक रुपमा सुन्दर, विविधतायुक्त तथा स्नेही एवं सहयोगी स्वभाव भएका नेपालीहरुको गाउँ/वस्ती भएको तीन नं. प्रदेश भित्र केही स्थानहरु ग्रामिण कृषि पर्यटन केन्द्रका रुपमा बिकास हुन थालेको परिप्रेक्ष्य तथा यस प्रदेश भित्र ग्रामिण क्षेत्रको कृषि प्रणाली, बन जंगलको सौन्दर्यता र पर्यटनलाई जोडेर ग्रामिण कृषक घरधुरीको आयस्तरमा वृद्धि गरी ग्रामिण अर्थतन्त्रलाई सवल बनाउँदै रोजगारीको थप अवसरहरुको सृजना गरी गरिबी निवारणमा टेवा पुर्याउने उद्देश्यले स्थानीय तह, सामुदायिक बन उपभोक्ता समिति, कृषि सहकारी, निजी क्षेत्र तथा सामुदायिक संघ संस्थाहरुको साझेदारीमा सम्भावित कृषि पर्यटन स्थानको पहिचान गरी कृषि पर्यटन कार्यक्रम संचालन गर्न बान्छनीय भएकोले मन्त्रालयले **"कृषि पर्यटन प्रवर्धन कार्यक्रम कार्यविधि २०७५"** स्वीकृत गरी लागु गरेको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कृषि पर्यटन प्रवर्धन कार्यान्वयन कार्यविधि २०७५" रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकार बाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,-

क) "कृषि पर्यटन" भन्नाले दिगो कृषि प्रणाली, बन जंगलको सौन्दर्यता, ग्रामिण जीवन, कला, संस्कृति तथा सम्पदाहरु र पर्यटनको एकीकृत प्रवर्धन मार्फत स्थानीय समुदायलाई आर्थिक एवं सामाजिक रुपमा लाभ प्रदान गर्ने कार्यक्रमलाई सम्झनु पर्दछ ।

ख) "साझेदार संस्था" भन्नाले यस कार्यक्रम संचालन गर्नका लागि छनोट भएका होमस्टे संचालक, कृषि पर्यटन प्रवर्धनमा संलग्न सामुदायिक संस्था, क्लव, कृषि पर्यटन व्यवसायमा आवद्ध सहकारी, कानून अनुसार दर्ता भएका सामाजिक संघसंस्था र निजी क्षेत्रलाइ सम्झनुपर्दछ ।

ग) "प्रस्ताव" भन्नाले कृषि पर्यटन प्रवर्धन तथा अर्गानिक भिलेज स्थापनार्थ संचालन हुने कार्यक्रमहरुको लागि अनुदान प्राप्त गर्न पेश गरेको आवेदन तथा व्यवसायिक योजना सम्झनु पर्दछ ।

घ)"प्रोत्साहन अनुदान" भन्नाले दफा १० मा उल्लेख भए अनुसारको कार्यक्रम संचालनको लागि उपलब्ध गराइने प्राविधिक र आर्थिक साझेदारीलाई सम्झनुपर्दछ ।

ङ) "मन्त्रालय" भन्नाले प्रदेश नं.३ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

च) "निर्देशनालय" भन्नाले प्रदेश नं.३ को कृषि विकास निर्देशनालय सम्झनु पर्छ।

छ) "केन्द्र" भन्नाले प्रदेश नं.३ को कृषि ज्ञान केन्द्र वा फार्म केन्द्रलाई सम्झनु पर्छ।

ज) "मुल्यांकन समिति" भन्नाले यस कार्यविधिको दफा ४ को उपदफा १ अनुसार गठित समिति सम्झनु पर्छ ।

झ) "स्थानीय तह" भन्नाले प्रदेश नं.३ को गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ ।

ञ) "कार्यक्रम" भन्नाले प्रदेश सरकारको फलफूल वर्ष तथा फलफूल दशकलाई समेटी तयार गरिएको स्वीकृत बार्षिक कार्यक्रम र बजेट सम्झनु पर्छ ।

ट) "प्रदेश" भन्नाले प्रदेश नम्बर ३ सम्झनु पर्छ ।

३. उद्धेश्य: यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :

क) कृषि पर्यटनको विकास तथा प्रवर्धन गरी ग्रामिण अर्थतन्त्रलाई सवल बनाउने ।

ख) ग्रामिण क्षेत्रमा रोजगारीको अवसर सृजना गर्ने, कृषक घरधुरीको आय वृद्धि गर्ने तथा ग्रामिण क्षेत्रमा बजार विस्तार गरी कृषिमा रोजगारीको अवसर सृजना गर्ने ।

ग) कृषि पर्यटन मार्फत जिवनस्तरमा सुधार गर्ने परम्परागत कला, संकृति तथा संगीतको सम्वर्धन गर्ने ।

घ) स्थानीय कृषि तथा बन जन्य उपजहरु माथिको बुझाइ तथा ज्ञानको सचेतना वृद्धि, स्थानीय कृषि तथा कृषि भूमिको महत्व अभिवृद्धि गरी दिगोरुपमा साना कृषकहरुलाई सवल बनाउने ।

ङ) वैदेशिक रोजगारीको विकल्पको रुपमा कृषि पर्यटन र अर्गानिक भिलेजलाई स्थापित गरी रोजगारीको वृद्धि गर्ने ।

च) दिगो कृषि मार्फत वातावरण तथा मौलिक संस्कृतिको सम्वर्धन र उपयोग गर्ने ।

## परिच्छेद- २

## संस्थागत व्यवस्था

४. मूल्याङ्कन समितिः (१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतिका लागि सिफारीस गर्न सार्वजनिक खरिद ऐन-२०६३ र सार्वजनिक खरिद नियमावली-२०६४ मा व्यवस्था भए बमोजिमको एक मूल्याङ्कन समिति रहनेछः-

यस कार्यविधि अनुरुप पेश हुन आएका प्रस्तावहरुको मूल्याङ्कन, छनौट, अनुदान सम्वन्धि नीति निर्णय र आएका समस्या निराकरण गर्न देहाए बमोजीमको एक मूल्याङ्कन समिति रहनेछः

| | | |
|---|---|---|
| १) | कार्यक्रम संचालन गर्ने निकायका प्रमुख | संयोजक |
| २) | अधिकृतस्तर प्रतिनिधी कृषि विकास निर्देशनालय | सदस्य |
| ३) | सम्वन्धित निकायको लेखा प्रमुख | सदस्य |
| ४) | सम्वन्धित निकायको योजना अधिकृत | सदस्य |
| ५) | सम्वन्धित निकायको बागबानी विकास अधिकृत | सदस्य सचिव |

(२) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

मूल्याङ्कन समितिले आवश्यकता अनुसार मूल्याङ्कन तथा अन्य मापदण्डहरु तयार गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने,

(३) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम अनुसूची-५ बमोजीम मूल्याङ्कन गरी स्वीकृत गर्ने ।

## परिच्छेद- ३

## कार्यक्रम सञ्चालन

५. <u>कार्यविधी लागु हुने स्थानहरु:</u> यो कार्यविधि प्रदेश नं. ३ भर लागु हुनेछ । तर यस कार्यविधिलाई अधार मानी सूचना प्रवाह गर्दा जुन जुन जिल्लाहरु वा स्थानीय तहहरु उल्लेख भइ प्रस्ताव आव्हान हुन्छ तिनै जिल्लाहरु वा स्थानीय तहहरुमा लागु भएको मानिनेछ ।

६. <u>प्रस्ताव आव्हान</u> :केन्द्रले कृषि पर्यटन कार्यक्रम संचालन गर्न इच्छुक साझेदार संस्थाबाट सिलवन्दी प्रस्ताव पेश गर्न **अनुसूची-१** वमोजीमको ढाँचामा पन्ध्र दिने म्याद दिई राष्ट्रिय पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ र सोही अवधिमा इच्छुक साझेदार संस्थाले अनुसूचीमा तोकिएका कागजात सहित यस केन्द्रमा निवेदन र प्रस्ताव दर्ता गर्नु पर्नेछ। निवेदन र प्रस्तावको ढाँचा अनुसूची -२ र ३ मा उल्लेख भए बमोजिम हुनेछ।

७. <u>आवेदन दिन आवस्यक योग्यता:</u>

(क) यस कार्यक्रमका लागि तोकिएको स्थानमा कार्यक्रम संचालन गर्न इच्छुक साझेदार संस्थाहरुले कृषि पर्यटन प्रवर्धनका लागि आवेदन दिन सक्नेछन् ।

(ख) आवेदक कानून वमोजिम दर्ता भइ स्थायी लेखा नम्बर लिएको हुनुपर्नेछ ।

(ग) निजी क्षेत्रबाट संचालित कृषि पर्यटन केन्द्रले आवेदन दिंदा निजको नेतृत्वमा कम्तिमा १५ घरधुरीलाई पनि अनिवार्य समेटेर प्रस्ताव तयार गर्नु पर्नेछ ।

(घ) दफा ७ को क मा उल्लेख गरिएका आवेदकले यो कार्यक्रम कार्यान्वियन हुने क्षेत्रमा कानूनतः दर्ता भइ कार्यरत नरहेको अवस्थामा सूचना प्रवाह पश्चात पनि दर्ता गरि आवेदन दिन सक्नेछन् ।

(ङ) आवेदकले कानून अनुसार पुरा गर्नु पर्ने सबै दायित्वहरु जस्तै लेखापरिक्षण, करचुक्ता, नविकरण पुरा गरेको हुनुपर्नेछ ।

(च) आवेदकले कृषि पर्यटन प्रवर्धनका लागि उक्त क्षेत्रमा सचिवालयका रुपमा (व्यवस्थापकीय युनिटका रुपमा) कार्य गर्नुपर्नेछ भने आवद्ध घरधुरीहरुमा व्यवस्थित कृषि पर्यटन प्रवर्धनका लागि तिनको परिचालन, नियमन, अनुगमन तथा समन्वय गर्नु पर्नेछ ।

(छ) अनुसूची -३ मा उल्लेख भए अनुसारको व्यवसायिक योजना प्रस्ताव पेश गरेको हुनुपर्नेछ ।

८. <u>प्रस्तावको जानकारी</u>: केन्द्रले स्वीकृत गरेका प्रस्तावको जानकारी सम्बन्धित साझेदार संस्थाहरुलाई निर्णय भएको मितिले ७ दिन भित्र गराउनु पर्नेछ ।

९. <u>सम्झौता:</u> (१) छनौट भएका साझेदार संस्थाहरुलाई सम्बन्धित कृषि ज्ञान केन्द्र वा कृषि फार्म केन्द्रले सम्झौता गर्न आउन पन्ध्र दिनको समयावधि दिई जानकारी गराउनु पर्छ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र आउने साझेदार संस्थासँग सम्बन्धित कृषि ज्ञान केन्द्र वा कृषि फार्म केन्द्रले अनुसूची-४ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समयसीमा भित्र सम्झौता गर्न नआउने साझेदारको स्वत: छनौट रद्द भएको मानि दोस्रो प्राथमिकता प्राप्त साझेदारलाई छनौट गर्न बाधा पुगेको मानिने छैन ।

(४) दफा ७ बमोजिम प्रस्ताव आव्हान गर्दा प्रस्ताव नपरेमा वा एकमात्र प्रस्ताव परी सम्झौता गर्न नआएमा पुन: सात दिनको सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्न सकिनेछ।

१०.<u>सन्चालन गर्न सकिने कृयाकलापहरु:</u>

क) कृषि पर्यटन प्रवर्धन गरिने गाँउ/टोल परिसरको सरसफाइ सुधार, सौन्दर्यिकरण:

यस अन्तर्गत फलफूल रोपण, फूल रोपण तथा सौन्दर्यिकरण, जैविक झल्कने पार्कहरुको विकास तथा सुधार, घर बस्ती सुधार(एकै प्रकारका घर निर्माण, एकै रङ्गको छाना बनाउने, घर नम्बर राख्ने) जस्ता क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

ख) पहुँच सडक र आवास सुधार:

यस अन्तर्गत मुख्य सडकसँग सहज पहुँचका लागि पहुँच सडकको स्तरोन्नती, ढल निकास, सडक बत्ती (सौर्य) जडान, प्रवेश द्वार वा स्वागत द्वार र कृषि पर्यटनमा संलग्न कृषक घरधुरीको आवास सुधार (आन्तरिक र बाह्य) जस्ता क्रियाकलापहरु संचालन गर्न सकिनेछ । साथै Foot trail, Cycling trail, House riding trail को निर्माण तथा स्तरोन्नति ।

ग) फोहर व्यवस्थापन र कम्पोस्ट मल उत्पादन

यस अन्तर्गत कुहिने र नकुहिने फोहर व्यवस्थापनका लागि डस्ट विन, कम्पोष्ट खाडल निर्माण, भकारो सुधार, भर्मिकम्पोष्टिङ्ग जस्ता क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

घ) कृषि उपज तथा पशुपंछी उत्पादन तथा व्यवस्थापनः

विभिन्न कृषि जन्य बालीहरुको (सकेसम्म स्थानिय, रैथाने, स्वदेशी, खुल्ला सेचित जातका तरकारी, खाद्यान्न, फलफूल, मसलाबाली, माछा, मौरी, लोकल कुखुरा, गाई पालन, हाँस आदि ।) सकेसम्म विषादी रहित वा आइ पि एम पद्धतिबाट उत्पादन प्रवर्धनका लागि क्षमता अभिवृद्धि तालिम, विउ विजन सहयोग, बर्षाको पानी संकलन, जैविक विषादी तयारी, स्थानिय परिकारहरुको प्रवर्धन, स्थानीय बालीहरुको प्रशोधन तथा प्याकेजिङ्ग जस्ता क्रियाकलागहरु संचालन गर्न सकिनेछ भने पशुपंछीको हकमा गोठ सुधार जस्ता क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

ङ. कला, संस्कृति, संगीत तथा कोशेली केन्द्रको स्थापनाः

स्थानीय कला, संस्कृति, भेषभुषा तथा गीत संगीतका संरक्षण तथा प्रवर्धन गरी पर्यटकलाई आकर्षण गर्नका लागि एक केन्द्रको स्थापना गरी सो का लागि बाद्यवादन संकलन गरी उक्त केन्द्रलाई सँग्रहालयको रुपमा संचालन गर्न सकिनेछ ।

च. कृषि, संस्कृति तथा वातावरणजन्य दिवस (जस्तैः रोपाईं महोत्सव) समारोह संचालन गर्ने।

छ. प्रचार प्रसार तथा क्षमता अभिवृद्धिः

कृषि पर्यटनलाई प्रवर्धन तथा विकास गर्नका लागि स्थानीय एफ एम बाट प्रचारात्मक सामग्री तयार गरी प्रसारण गर्ने तथा कृषि पर्यटनमा आवद्ध घरधुरीको तथ्याङ्क अध्यावधिक गर्ने ।

ज. स्थानीय ज्ञान, शिप तथा आधुनिक कृषि, पशुपंछी उत्पादन प्रविधि प्रसार गर्ने ।

झ. माथिको दफा १० (घ) मा राखिएका क्रियाकलापहरु मध्ये उपयुक्त क्रियाकलापहरु अनुसूची-३ अनुसारको कार्ययोजनामा अनिवार्य रुपले राखी बजेट विनियोजन गर्नुपर्नेछ साथै माथि उल्लेखीत कृयाकलापहरुको अलावा कुनै सिर्जनात्मक तथा नविन कृयाकलाप समेत प्रस्ताव गर्न सकिनेछ ।

परिच्छेद ४

## अनुदान रकम स्वीकृत, अनुदान रकम प्रवाह तथा खर्च गर्ने विधि

११ . कृषि पर्यटन प्रवर्धनका लागि सहयोगी हुने क्रियाकलापहरु संचालनका लागि सम्बन्धित कृषि ज्ञान केन्द्रले अनुदान स्वीकृती दिनेछ ।

१२ . प्रस्तावमा उल्लेख र स्वीकृति भएको रकमको ६० प्रतिशत अनुदान उपलब्ध गराइनेछ र बाँकी हुन आउने रकम सम्बन्धित साझेदार संस्थाले लगानी गर्नु पर्नेछ । अनुदान रकमबाट २ प्रतिशत रकम नबढ्ने गरी कार्यक्रम संचालन र व्यवस्थापन खर्च बापत राखिनेछ र सो रकम सूचना प्रकाशन, स्टेशनरी, प्रस्तावहरुको स्थलगत निरीक्षण एवं प्रमाणिकरण, अनुगमन खर्च बैठक भत्ता, अभिमुखीकरण आदिमा खर्च गरिनेछ ।

१३ .(१)अनुदान प्रवाह अधिकतम ३ किस्तामा उपलब्ध गराइनेछ । प्रत्येक किस्ता अनुदान रकम एकाउण्ट पेयी चेक मार्फत उपलब्ध गराइनेछ ।

(२)सम्झौता अनुरुपको कार्य शुरुवात भएको सम्बन्धित स्थानीय तहको कृषि शाखाको सिफारिसको आधारमा प्रथम किस्ता २० प्रतिशत, सम्झौता अनुसार कार्य सम्पन्न भएको कृयाकलापहरुको लागि ३० प्रतिशत तथा वार्षिक कार्ययोजना सम्पन्न भएको प्रतिवेदनको आधारमा ५० प्रतिशत रकम उपलब्ध गराइनेछ।

१४ . <u>अनुदानग्राहीले पालना गर्नुपर्ने अन्य शर्तहरु:</u>

१) अनुदानग्राहीले यस कार्यविधि अनुसार संचालन हुने कामको विवरण, लागत, सम्पन्न अवधि इत्यादीको होर्डिङ बोर्ड निर्माण स्थलमा राख्नु पर्नेछ ।

२) कार्य सन्चालनका क्रममा मन्त्रालय वा अन्तर्गतका निकायबाट दिएको निर्देशन पालना गर्नुपर्नेछ ।

३) नेपाल सरकारले चाहेमा जुनसुकै वखत पूर्वाधार निर्माण तथा कार्यक्रम संचालनको हिसाव हेर्न सक्नेछ । हिसाव देखाउनु सम्बन्धित साझेदारको दायित्व हुनेछ ।

परिच्छेद-५

<u>अनुगमन</u>

१५ . <u>अनुगमन व्यवस्था:</u>

१) कृषि पर्यटन प्रवर्धन सम्बन्धी कार्यको अनुगमन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय, कृषि ज्ञान केन्द्र, कृषि फार्म केन्द्र र मूल्याङ्कन समितिले संयुक्त वा आवश्यकता अनुसार छुट्टाछुट्टै गर्नेछन् ।

२) उपदफा (१) बमोजिम भएको अनुगमन र निर्देशन लिखित अभिलेख-प्रतिवेदन साझेदार संस्थाले सुरक्षित राख्नुपर्नेछ ।

३) उपदफा (१) बमोजिम भएको अनुगमन गर्दा दिईएको निर्देशन साझेदार संस्थाले पालना गर्नुपर्नेछ ।

परिच्छेद-६

<u>विविध</u>

१६ . <u>कारवाहीको व्यवस्था:</u> सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई प्रचलित कानून अनुसार मन्त्रालयले कार्यक्रम सञ्चालन गर्ने निकायको सिफारिसमा कारवाही गर्नेछ ।

१७. <u>खारेजी एवं संसोधन</u>: यो कार्यविधि मन्त्रालयले आवश्यकता अनुसार संशोधन तथा खारेजी गर्न सक्नेछ ।

१८. यस कार्यविधिमा उल्लेख भएका विषय यस कार्यविधि र उल्लेख नभएका विषय कानून बमोजीम हुनेछ ।

अनुसूची-१

(दफा ६ संग सम्बन्धीत्)

## कृषि पर्यटन प्रवर्धन सम्बन्धी कार्यक्रम संचालनका लागि अनुदान उपलब्ध गराउनका लागि प्रस्ताव आव्हानको सूचना

**सूचना । सूचना ।। सूचना ।।।**

यस कार्यालयको आर्थिक बर्ष.........को बार्षिक स्वीकृत कार्यक्रम अनुसार निम्नानुसारका स्थानहरुमा कृषि पर्यटन प्रवर्धन सम्बन्धी कार्यक्रम संचालन गरी कृषि पर्यटन व्यवसायका माध्यमद्धारा ग्रामिण कृषकहरुको आयस्तर वृद्धि तथा ग्रामिण रोजगारी सृजना गरी गरिवी निवारणमा टेवा पुर्याउनका लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा इच्छुक होमस्टे संचालक, कृषि पर्यटन प्रवर्धनमा संलग्न सामुदायिक संस्था, क्लव, कृषि पर्यटन व्यवसायमा आवद्ध सहकारी, सामाजिक संघ संस्था र निजी क्षेत्रलाई दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनभित्र सम्बन्धीत......................अनुसूची-२ अनुसारको कागजातहरु एवं अनुसूची -३ अनुसारको व्यवसायिक प्रस्ताव सहित आवेदन दर्ताका लागि आव्हान गरिएको छ । यस सम्बन्धी कार्यविधि यस कार्यालयको वेवसाइट ....................मा वा सम्वन्धित कृषि ज्ञान केन्द्र वा फार्म केन्द्रमा सम्पर्क गर्न सक्नुहुनेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची-२

(दफा ६ संग सम्बन्धीत्)

रु १० को टिकट

**आवेदन फाराम**

मितिः

श्रीमान् प्रमुख ज्यू

कृषि ज्ञान /फार्म केन्द्र.......... ।

विषयः कृषि पर्यटन प्रवर्धनका लागि अनुदान सम्बन्धमा ।

महोदय,

प्रस्तुत् विषयमा तहाँ केन्द्रबाट सूचना भए अनुसार कृषि पर्यटन प्रवर्धन कार्यक्रम संचालन गर्नका लागि (आवेदकको नाम तथा ठेगाना) ............................ले व्यवसायिक योजना तथा अनुसूचीहरुमा उल्लेख भए बमोजिम क्रियाकलापका लागि जम्मा रकम रु.................(अक्षरेपी रु.....................................) को योजना तयार गरी आवश्यक अन्य कागजातहरु सहित अनुदान सहयोगको लागि पेश गरेको व्यहोरा अनुरोध गर्दछु । योजनामा उल्लेख भएको कूल बजेटमध्ये तहाँबाट नियमानुसार उपलब्ध हुने अनुदान रकम रु...........(अक्षरेपी रु ...............) बाहेकका अन्य रकम (आवेदकको नाम) ...........................ले नगद तथा जिन्सी एवं श्रमदान गरी रु...........................(अक्षरेपी रु..................) बराबरको योगदान गर्न सहमत रहेको हुँदा तहाँ मन्त्रालयबाट संचालित यस कार्यक्रममा छनौट गरिपाउँ भनी अनुरोध छ । साथै तपशिल अनुसारका कागजातहरु यसै निवेदनसाथ संलग्न राखी पेश गरेको व्यहोरा अनुरोध छ ।

संलग्न कागजातहरुः

१. रु.१० को टिकट टाँसिको अनुसूची-२ अनुसारको निवेदन
२. दर्ता, नविकरण, कर चुक्ता, स्थायी लेखा नम्बर तथा परीक्षण प्रतिवेदनको प्रतिलिपी ।

३. कृषि पर्यटनमा आबद्ध हुने घरधुरीको नाम, परिवार संख्या, जमिनको क्षेत्रफल, लगाइने कृषि बाली वा पशुपंक्षी तथा पर्यटकीय सेवाका लागि उपलब्ध सेवा सम्बन्धी विवरण सहितको प्रोफाइल

४. कृषि पर्यटन प्रवर्धन क्रियाकलाप सहितको अनुसूची-३ अनुसारको योजना ।

५. आवेदकसंग रहेको नगद मौज्दातको प्रमाण र लगानीका श्रोतहरुको आधार ।

६. प्रस्तावित स्थलको फोटो र प्रस्ताव मूल्याङ्कनलाई सहयोग हुने अन्य केही भए ।

निवेदकः

नामः

ठेगानाः

छापः

अनुसूची-३

(दफा ६ संग सम्बन्धीत्)

कार्य योजना (प्रस्ताव) का संक्षिप्त ढाँचा

१. आवेदकको नाम र ठेगानाः

२. कृषि पर्यटन संचालन हुने स्थानको नामः

३. संचालन हुने स्थान र मुख्य बाटोको दुरी तथा बाटोको अवस्थाः

४. संचालन हुने स्थानमा उपलब्ध भौतिक सुविधाहरुः
(यसमा कृषि पर्यटन संचालन हुने स्थानमा उपलब्ध भौतिक सुविधाहरु जस्तैः सडक, खानेपानी, विद्युत, टेलिफोन लगायतका अन्य सुविधाहरुको बारेमा उल्लेख गर्ने ।)

५. आवेदकसँग कृषि पर्यटन वा होमस्टे जस्ता पर्यटकीय क्षेत्रमा भएका क्षमता
(यसमा आवेदकले कृषि पर्यटन वा होमस्टे जस्ता पर्यटकीय क्षेत्रमा भएका क्षमता जस्ता कुराहरु उल्लेख गर्दै कति घरधुरी कृषकहरु कृषि पर्यटन कार्यक्रममा सहभागी हुनेछन् र ती कृषक घरधुरीमा कति जना पाहुना पर्यटकहरुलाई बास बसाउने क्षमता छ सो को उल्लेख गर्ने ।)

६. आवेदकसंग कृषि पर्यटन प्रवर्धन कार्यक्रमको संचालन तथा व्यवस्थापकीय जिम्मेवारी
(यसमा प्रस्तावित स्थानमा कृषि पर्यटन प्रवर्धनका लागि प्रस्तावित कार्यक्रमहरु कसको नेतृत्वमा कसरी संचालन हुनेछन् र संलग्न घरधुरीहरु कसरी परिचालित हुनेछन् स्पष्ट खाका तथा मोडेलको बारेमा प्रष्ट पार्नुहोस्) ।

७. कृषि पर्यटन प्रवर्धनका लागि प्रस्तावित क्रियाकलापहरु तथा वजेट

| क.सं. | क्रियाकलापहरु• | इकाई | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | जम्मा | | | | |

*दफा ६ को घ मा उल्लेख भएका क्रियाकलापहरु मध्येका प्रस्तावित क्रियाकलापहरु अनिवार्य रुपमा प्रस्ताव गर्नुपर्नेछ । साथै नविन वा सिर्जनशील अन्य क्रियाकलाप समेत राख्न सकिनेछ ।

८. क्रियाकलाप कार्यन्वयन कार्ययोजना

| क्रियाकलापहरु | महिना | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बै | जे | अ | सा | भ | अ | का | मं | पु | मा | फा | चै |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

९. कृषि पर्यटन प्रवर्धनका लागि प्रस्ताव गरिएका नविन एवं प्रभावकारी क्रियाकलाप तथा तिनले पार्ने प्रभाव

१०. भावी योजना तथा कार्यदिशा

आवेदकको

नामः

ठेगानाः

आवेदकको छापः

दस्तखतः

मितिः

नोटः प्रस्तुत संक्षिप्त ढाँचाको आधारमा विस्तृत रुपमा प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ ।

अनुसूची- ४

(दफा ९ को उपदफा २ संग सम्बन्धीत्)

## सम्झौता -पत्र

१. यो सम्झौता-पत्र कृषि ज्ञान/फार्म केन्द्र (प्रथम पक्ष) र सम्बन्धीत साझेदार संस्था (दोस्रो पक्ष) बीच कृषि पर्यटन प्रवर्धन सम्बन्धी कार्यक्रम संचालनका लागि प्रयोग हुनेछ ।

२. सम्झौता भएको मितिदेखि यस सम्झौता प्रारम्भ भएको मानिनेछ ।

३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजीमका कार्यहरु सम्झौता भएको मितिले १५ दिनभित्र शुरु गर्नुपर्नेछ ।

४. कृषि पर्यटन प्रवर्धन सम्बन्धी कार्यक्रम संचालनका लागि प्रथम पक्षले दोस्रो पक्षलाई आयोजनाको प्रकृति अनुसार ३ किस्तामा सम्झौता बमोजिमको रकम उपलब्ध गराउनु पर्नेछ । प्रथम किस्ता २० प्रतिशत कार्य सकिएपछि रु.............................. र दोस्रो ५० प्रतिशत कार्य सकिएपछि रु.............................. र अन्तिम किस्ता सम्पूर्ण कार्य सकेपछि मूल्याङ्कन समितिको सिफारिसमा रु.............................. उपलब्ध गराइनेछ ।अनुदान रकम एकाउण्ट पेयी चेक मार्फत उपलब्ध गराइनेछ ।

५. अनुदान प्राप्त हुने रकमको अधिकतम २ प्रतिशतले हुने रकम रु...................................... व्यवस्थापन खर्च वापत पहिलो पक्षले प्रयोग गर्नेछ ।

६. किस्ता भुक्तानी गर्दा मूल्याङकन समिति वा कार्यालयको सिफारिसको आधारमा रकम भुक्तानी गरिनेछ ।

७. किस्ता भुक्तानीका लागि बिल सहितको कार्य सम्पन्न प्रतिवेदन तयार गरी दोस्रो पक्षले प्रथम पक्षसंग अनुरोध गर्नु पर्नेछ र प्रथम पक्षले सम्पूर्ण प्रतिवेदन तथा बिलहरु प्राप्त भएपछि उप समितिको प्रतिवेदन तथा मूल्याङ्कन समितिको सिफारिसका आधारमा भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ ।

८. कृषि पर्यटन प्रवर्धन सम्बन्धी कार्यक्रमहरु १ आ.व. भित्र सम्पन्न गर्नुपर्नेछ ।

९. दोस्रो पक्षले संचालित क्रियाकलापहरुको सार्वजनिक सुनुवाई गर्नुपर्नेछ ।

.................................                .................................

| | |
|---|---|
| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयको नाम र छापः | कार्यालयको नाम र छापः |

साक्षिहरु

अनुसूची-५

कृषि पर्यटन प्रवर्धन सम्बन्धी कार्यक्रम संचालनका लागि अनुदान उपलब्ध गराउनका लागि प्रस्ताव मूल्याङ्कनको लागि मापदण्ड पूर्णाङ्क: १००

(दफा ४ को उपदफा ३ संग सम्बन्धीत्)

१. कृषि पर्यटन प्रवर्धन सम्बन्धी कार्यक्रम संचालनका प्राकृतिक सुन्दरता तथा अन्य श्रोत (सिंचाई, जमिन, कृषक) को उपलब्धता (२५ अंक)

क) प्रकृतिक रुपमा सुन्दर, उपयुक्त तथा अन्य श्रोतहरुको प्रचुर उपलब्धता (२५ अंक)

ख) प्राकृतिक रुपमा सुन्दर तथा अन्य श्रोतको उपलब्धता न्यून (१५ अंक)

ग) प्राकृतिक सुन्दरताको कमी तथा श्रोतको उपलब्धता न्यून (० अंक)

२. भौतिक सुविधा (सडक, विजुली, खानेपानी, टेलिफोन आदि) अवस्था (१५ अंक)

क) सबै आधारभूत भौतिक सुविधा उपलब्ध (१५ अंक)

ख) अपर्याप्त भौतिक सुविधा (१० अंक)

ग) आधारभूत भौतिक सुविधा उपलब्ध नरहेको (० अंक)

३. पर्यटकीय आवागमनको हिसावले स्थलगत उपयुक्तता (२० अंक)

क) पर्यटन आवागन भैरहेको स्थल (२० अंक)

ख) भविष्यमा पर्यटक आउन सक्ने स्थल (१० अंक)

ग) भविष्यमा पनि पर्यटक आउन सक्ने सम्भावना नदेखिएको (० अंक)

४. आवेदकले व्यहोर्ने आर्थिक श्रोतको सुनिश्चितता (१५ अंक)

क) व्यहोर्न सक्ने श्रोत खुलेको (१५ अंक)

ख) व्यहोर्न सक्ने सम्भावना देखिएको (१० अंक)

ग) व्यहोर्न सक्ने सम्भावना नदेखिएको (० अंक)

५. प्रस्तावित नविन एवं प्रभावकारी क्रियाकलापहरु (२५ अंक)

क) धेरै नविन प्रभावकारी (२५ अंक)

ख) सामान्य नविन प्रभावकारी (१५ अंक)

ग) नविन एवं प्रभावकारी नदेखिएको (० अंक)